श्री ५ को सरकार

## अर्थ मन्त्रालयको

## सूचना १

श्री ५ को सरकारले अन्तःशुल्क नियमहरू, २०१९ को नियम १६ ले दिएको अधिकार प्रयोग गरी नेपाल अधिराज्यभित्र स्थापित उद्योगहरूले उत्पादन गर्ने औद्योगिक उत्पादनका वस्तुहरू देहायबमोजिम गरी उद्योग आफैं वा निकासीकर्ताले नेपाल अधिराज्यबाहिर निकासी गरेमा अन्तःशुल्क पूर्ण रूपमा छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशित गरिएको छ ।

१. निकासी गर्ने वस्तुको परिमाण सम्बन्धमा अन्तःशुल्क विभागको वा सम्बन्धित अन्तःशुल्क अधिकृतको पूर्वस्वीकृति लिनुपर्ने ।

२. निकासी गरिने वस्तुको गुणस्तर निर्धारण भई सकेको भए गुणस्तर निर्धारण समितिबाट सो प्रमाणित हुनुपर्ने ।

३. निकासी गरिने उक्त पदार्थको प्याकिङ्मा "निकासीको लागि" भन्ने छाप लगाइएको हुनुपर्ने ।

४. कारखानाबाट विदेश निकासीको लागि सम्बन्धित उद्योगको जिम्मेवारीमा लगतमा राखी मालसामान निकाल्न दिने र सामान निकालेको एक महीनाभित्र निकासी गरी सक्नु पर्नेछ । मालसामान निकासी गरिसकेपछि उद्योग वा निकासीकर्ताले उक्त वस्तुहरूको निकासी गरेको प्रमाण र भुक्तानी प्राप्त गरेको प्रमाण (वस्तु विनिमयबाट हुने व्यापारमा बाहेक) सहित सम्बन्धित अन्तःशुल्क कार्यालय र कर कार्यालयमा लगत फुकुवाको लागि निवेदन दिनु पर्नेछ । सम्बन्धित कार्यालयले पनि नेपाल अधिराज्यबाहिर निकासी भएको परिमाणमा लाग्ने अन्तःशुल्क र बिक्रीकर छूट दिई लगत कट्टा गर्नु पर्नेछ ।

५. विदेश निकासी भएका मालवस्तुहरूमध्ये अन्तःशुल्क नलाग्ने तर बिक्रीकर लाग्ने भएमा पनि उक्त उल्लेखित प्रक्रिया अपनाई सम्बन्धित कर कार्यालयबाट बिक्रीकर छूट गरिनेछ ।

६. विदेश निकासीको लागि कारखानाबाट लगतमा राखी निकालिएका मालवस्तुहरू उक्त अवधिभित्र विदेश निकासी हुन नसकेमा दरबन्दीबमोजिम लाग्ने अन्तःशुल्क र बिक्रीकर असूल गरिनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
१५०